कार्यपालिकाको ~~बाह्रौं~~ तेह्रौं बैठक//स्थानः अध्यक्षज्यूको कार्यकक्ष

मितिः २०७९ साल मङ्सिर महिनाको १६ गते शुक्रबार

अध्यक्षताः श्रीमान वेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः

श्रीमान वेग प्रसाद गर्बुजा, अध्यक्ष

श्री लक्ष्मीदेवी घर्ती मगर पुन, उपाध्यक्ष

श्री हेमराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत

श्री ~~टंक प्रसाद पुन,~~ मानसिं सापकोटा का.वा. अध्यक्ष, वडा नं १

श्री उदय कुमार बुढाथोकी, अध्यक्ष, वडा नं २

श्री मोति प्रसाद बुढा, अध्यक्ष, वडा नं ३

श्री भेजेन्द्रमान पुन पुन, अध्यक्ष, वडा नं ४

श्री मिम पुन, अध्यक्ष, वडा नं ५

श्री पथ बहादुर रोका, अध्यक्ष, वडा नं ६

श्री टक बहादुर पुन, अध्यक्ष, वडा नं ७

श्री मन कुमारी पुन, कार्यपालिका महिला सदस्य

श्री प्रतिक्षा वि.क., कार्यपालिका महिला सदस्य

श्री देवी पटेल, कार्यपालिका महिला सदस्य

श्री छरदेवी घर्ती, कार्यपालिका महिला सदस्य

श्री दल बहादुर खड्काथोकी, कार्यपालिका सदस्य

श्री अनुप गौचन, कार्यपालिका सदस्य तथा प्रवक्ता

आमन्त्रित उपस्थितिः

श्री सोम बहादुर के.सी., सूचना अधिकारी

श्री शिक्षित पराजुली, कृषि अधिकृत

श्री सागर पौडेल, लेखापाल

प्रस्तावहरु:

१. पहिरो व्यवस्थापन गर्ने उपभोक्ता समिति लगायतलाई भुक्तानी/सहयोग सम्बन्धमा ।

२. खानेपानीको मुहान दर्ता सम्बन्धी कार्यविधि सम्बन्धमा ।

३. कर्मचारी बिदा स्वीकृति सम्बन्धमा ।

४. कर्मचारी स्तरवृद्धि सम्बन्धमा ।

५. बिबिध

निर्णय:

| निर्णय नं | निर्णयको व्यहोरा | कैफियत |
|---|---|---|
| १. | क) आ.व. २०७९/८० को हालसम्मको अवधिमा गाउँपालिका अन्तर्गतका सातवटा वडा क्षेत्रभित्र बाढी पहिरोबाट बाटो अवरुद्ध भई जनजीवन प्रभावित भएको र सम्पूर्ण पहिरो प्रभावित क्षेत्रमा बाटो खुलाउन उपभोक्ता समितिहरु मार्फत कार्य सम्पन्न भएका र वडा समितिबाट अनुगमन भई भुक्तानी सिफारिस भई आएका तपसिल बमोजिमका योजनाहरुको उल्लिखित रकम बराबरको भुक्तानी विपद् व्यवस्थापन शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी गर्ने । | |

| क्र.सं. | उपभोक्ता समिति/कन्स्ट्रक्सन कम्पनीको नाम र वडा नं | प्राविधिकबाट तयार बिल एवम् वडाबाट सिफारिस भुक्तानी गर्नुपर्ने रकम | भुक्तानी दिने रकम |
|---|---|---|---|
| १. | फुलबारी महभिर छाप ओखरबोट चिउरिबोट सडक मर्मत उपभोक्ता समिति, वडा नं ४ | ८,३६,००० | ८,३६,००० |
| २. | दर्बाङ बिम सडक मर्मत उपभोक्ता समिति, वडा नं ७ | ५,९७,५५० | ५,९७,५५० |
| ३. | देउराली देखि खावाङ बिल्बाङ मरबाङ मोटर बाटो मर्मत उपभोक्ता समिति , वडा नं २ | ६,६५,००० | ६,६५,००० |
| ४. | दर्बाङ निस्कोट बाटो मर्मत उपभोक्ता समिति, वडा नं १ | ८,००,००० | ८,००,००० |

| | |
|---|---|
| २. | प्रस्ताव नं २ माथि छलफल गरी बैठकमा पेश भएको 'मालिका गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०७९' उपर दफावार छलफल गरी सर्वसम्मत पारित गरियो । पारित कार्यविधि मालिका गाउँपालिकाको राजपत्रमा प्रकाशन गर्ने । |
| ३. | प्रस्ताव नं ३ माथि छलफल गरी दरबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत सि.अ.न.मि., अधिकृत छैठौं श्री लक्ष्मी कुमारी मल्ल पुर्जाले मिति २०७९/०८/१८ देखि २०७९/१०/१८ सम्म घर बिदाबाट कट्टी हुने गरी बिदा माग गरी निवेदन पेश गरेकोले निजले माग गरेको उल्लिखित अवधिको बिदा स्वीकृत गर्ने । |
| ४. | गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७९/०६/२६ गते प्रकाशित 'गण्डकी प्रदेश निजामती सेवा अध्यादेश, २०७९ बमोजिम तहवृद्धि गर्ने सम्बन्धी सूचना' का आधारमा मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट ०१/२०७९/८० (तहवृद्धि) सम्बन्धी मिति २०७९/०६/२७ को सूचनाका आधारमा निवेदन पेश गर्ने तपसिलका कर्मचारीहरुको साविकको तहमा एक तह वृद्धि गर्ने निर्णयलाई अनुमोदन् गरियो ।<br>तपसिलः<br>१. श्री नमनारायण ढुङ्गाना, इन्जिनियर, अधिकृतस्तर छैठौं, संकेत नंः<br>२. श्री अशोक रिजाल, शिक्षा अधिकृत, अधिकृतस्तर छैठौं, संकेत नंः<br>३. श्री नबिन पुन, असिस्टेन्ट सब इन्जिनियर, सहायक स्तर चौथो, संकेत नंः |
| ५. | क) वडा नं ३ को कार्यालयले पेश गरेको वडा कार्यालयमा खानेपानी व्यवस्थापन गर्न २० एम एम को १००० (एक हजार) मिटर पाइपका लागि पेश गरेको प्रस्ताव उपर छलफल गरी गाउँकार्यपालिकाको कार्यालयले खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।<br><br>ख) रोटरी क्लब अफ पोखरा फिष्टेलले २०७९/०८/१५ देखि २०७९/०८/१७ सम्म ३ दिने आँखा उपचार शिविर सञ्चालनमा १३ जनाको चिकित्सक तथा सहयोगी कर्मचारीको समूहलाई खाने, बस्ने, २०० थान चस्मा उपलब्ध गराउने लगायतका शिर्षक अन्तर्गत गाउँपालिकालाई व्यवस्थापन खर्च व्यहोर्न प्रस्ताव पेश गरेकोले रु १,५०,००० (अक्षरेपिः एक लाख पचास हजार मात्र) मा नबढ्ने गरी कार्यक्रम खर्च शिर्षकबाट खर्च लेख्ने गरी पेश भएको प्रस्ताव पारित । |

| | | |
|---|---|---|
| | ग) वडा नं २ को वडा समितिको मिति २०७९/०८/१५ गतेको निर्णय तथा कार्यपालिकामा पेश भएको हेलिप्याड निर्माण, स्वास्थ्य चौकी मर्मत तथा खानेपानी व्यवस्थापनका लागि प्राविधिकबाट लागत अनुमान तयार गरी/गराई पेश हुन आउने बिलहरुको भुक्तानी अर्को कार्यपालिकाको बैठकको निर्णय बमोजिम गर्ने । | |